बिवाह, भोजभतेर,समारोह आदिमा ठुलो परिमाणमा मासु चाहिने क्याटरिङ्ग व्यवसायि तथा अन्य उपभोक्तालाई विशेष छुटको व्यवस्था

स्वस्थ, ताजा माछा तथा मासु चाहिएमा

भाउजु मिट मार्ट प्रा.लि.द्वारा संचालित
मिट माउण्ट

मासुका पारखीहरूले अब झिंगा भन्किएका र फोहर स्थानमा राखिएका माछामासु खानुपर्ने वाध्यताका दिन गए।

खुल्ने समय
बिहान ७ बजेदेखी
बेलुका ७ बजेसम्म

सम्पर्क तथा विक्री कक्ष :
पुरानो अन्नपुर्ण सिनेमा हल भएको छेउ, अन्नपुर्ण टोल, बिर्तामोड - ४
०२३-५४१४३६/९८२७९५३८७०/९८२७९५३८७१
९७४६८६२९३१/९७४६८६२९३३

राष्ट्रिय दैनिक
# प्रतिदिन
PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८१४५८१८१, ०२३-५४३८२०



# युट्युब च्यानल पनि अब दर्ता हुनुपर्ने

*झापा (प्रस)* । सरकारले युट्युब च्यानलसहित इन्टरनेटको माध्यमबाट हुने प्रसारणका लागि समेत इजाजतपत्र लिनुपर्ने व्यवस्था गरेको छ। सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले राष्ट्रिय प्रसारण नियमावलीमा एघारौं संशोधन गर्दै इन्टरनेटको माध्यमबाट हुने प्रसारणको नियमन गर्ने व्यवस्था गरेको हो।

यो संशोधनले युट्युब र त्यस्तै प्रकृतिका अन्य प्रसारणहरूलाई पहिलोपटक कानुनी दायरामा ल्याएको हो।

नियमावलीले इन्टरनेटको माध्यमबाट हुने युट्युबलगायतका विभिन्न 'ओटीटी प्लेटफर्म'का साथै इन्टरनेटमार्फत नियमित रुपमा श्रव्य दृश्य कार्यक्रम प्रसारण गर्ने कार्यलाई अनलाइन टेलिभिजनका रुपमा परिभाषित गरेको छ। संशोधित नियमावलीको नियम २ को उपनियम २ मा गरिएको परिभाषाअनुसार कुनै कार्यक्रम डीटीएच केवल वा उपग्रह टेलिभिजनको माध्यम प्रयोग नगरी इन्टरनेटमार्फत गराइने सेवालाई ओटीटी भनिएको छ भने त्यसले इन्टरनेटमार्फत अरु प्लेटफर्म माथिको मिडियो स्ट्रिमिङ सेवा समेतलाई जनाउने उल्लेख छ। त्यस्तै इन्टरनेटमार्फत आफैंले उत्पादन गरी नियमितरुपमा श्रव्यदृश्य कार्यक्रम प्रसारण गर्ने कार्यलाई अनलाइन टेलिभिजनको रुपमा परिभाषित गरेको छ।

नियमावलीअनुसार अब आफैंले उत्पादन गरी प्रशारण गर्ने अनलाइन टेलिभिजन सञ्चालनको इजाजतपत्र लिनका लागि ५ लाख रुपैयाँ तिर्नुपर्नेछ। त्यस्तो सामग्री प्रकाशन गर्दा उपभोक्ताको उमेरअनुसार त्यसको वर्गीकरण गर्नुपर्नेछ। बालबालिका र सबै उमेर समूहका लागि उपयुक्त हुने कार्यक्रमलाई 'यू' रेटिङ, दश वर्षदेखि अठार वर्षसम्मको उमेर समूहका लागि उपयुक्त हुने कार्यक्रमलाई 'आर' रेटिङ र

❖ बाँकी अन्तिम पृष्ठमा

# बिर्तामोडका श्रमिक महिला सम्मानित



*बिर्तामोड(प्रस)* । बिर्तामोड नगरपालिकाले एक संस्थासहित १० जना श्रमिक महिलालाई सम्मान गरेको छ।

११२ औं अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा बिर्ताबजारमा शुभकामना तथा महिला सम्मान कार्यक्रमको आयोजना गर्दै नगरपालिकाले विभिन्न विधाका श्रमिकहरुलाई सम्मान गरेको हो। सम्मानित हुनेहरुमा वडा नम्बर १ की वेदकुमारी कुमाल,वडा नम्बर २को पूर्वेली महिला नौमती बाजा समूह,वडा नम्बर ३ की प्रतिभा राजवंशी,वडा नम्बर ४ की थिरादेवी भट्टराई अधिकारी,वडा नम्बर ५ की मंगलमाया केरुङ,वडा नम्बर ६ की फुलमति करुवा,वडा नम्बर ७ की गीता चौधरी,वडा नम्बर ८ की लिला राजवंशी,वडा नम्बर ९ की सुरजमुनि टुडू र वडा नम्बर १० की बुद्धिमाया किस्कू रहेका छन्।उनीहरुलाई नगर उपप्रमुख पवित्रा महतारा प्रसाई र वडा नम्बर ४का वडाध्यक्ष कुलप्रसाद संग्रौलाले अबिर,माला लगाइदिएर मायाको चिनोसहित सम्मानपत्र प्रदान गरे।

कार्यक्रममा नगरको न्यायिक समिति शाखा अधिकृत टिका लामिछानेले बेइजिङ घोषणापत्र प्रस्तुत गरेकी थिइन्। घोषणापत्रमाथि न्यायिक समितिकी कानुनी सल्लाहकार कमला आचार्य र वीरता

❖ बाँकी तेस्रो पृष्ठमा

# वन पैदावार मुद्दाका फरार अभियुक्त पक्राउ



*झापा(प्रस)* । झापामा वन पैदावार ओसार पसार मुद्दाका एक फरार अभियुक्त ११ वर्षपछि पक्राउ परेका छन्। पक्राउ पर्नेमा साविक अनारमनी गाविस-४ हाल अर्जुनधारा नगरपालिका- ७ बस्ने २८ वर्षीय गजेन्द्र राई रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ। प्रहरीका अनुसार झापा जिल्ला अदालतले २०६७ साल फागुन १७ गते गरेको फैसला अनुसार वन पैदावार ओसारपसार मुद्दामा राईलाई एक वर्ष कैद सजाय र २९ हजार ६ सय रुपैयाँ जरिवाना तोकिएको थियो। अदालतको फैसलादेखि नै फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालय बिर्तामोडको टोलीले आइतबार पक्राउ गरेको हो। उनलाई अदालतको आदेशबमोजिम कैद भुक्तान लागि झापा कारागार पठाउने तयारी भइरहेको प्रहरीले जनाएको छ।

# संकटा क्लब झापा गोल्डकपको क्वार्टर फाइनलमा



*बिर्तामोड(प्रस)* । संकटा क्लब काठमाडौं पाँचौं संस्करणको झापा गोल्डकपको क्वार्टर फाइनलमा प्रवेश गरेको छ। नेपाल पुलिस क्लबलाई १-० गोल अन्तरले पराजित गर्दै संकटाले क्वार्टर फाइनलको यात्रा तय गरेको हो।

बिर्तामोडस्थित डोमालाल राजवंशी रंगशालामा आइतबार भएको खेलमा संकटाका उत्तम राईले ६५औं मिनेटमा गरेको गोल नै निर्णायक बन्यो। उनले फोडे फोफोनाको क्रसलाई हेडमार्फत गोलमा परिणत गरेका थिए।

खेलको सुरुवाती समयदेखि नै दुवै टोलीले आक्रामक खेल खेलेका थिए। पुलिसले गरेका केही सशक्त प्रहार संकटाका गोलरक्षक रोहित कार्कीले उत्कृष्ट बचाउ गरे।

पहिलो हाफ गोलरहित बराबरीमा टुंगिएको थियो। दोस्रो हाफमा दुवै टोली आक्रामक बने पनि स्कोर भने संकटाले मात्र गर्न सफल भयो।

खेलको २४ औं मिनेटमा पुलिसका सन्तोष हेमरमको पासमा रवि पासवानको हेडर पोस्ट नजिकैबाट बाहिरियो। २६ औं मिनेटमा सौजन राईको फ्रिकिक संकटाका गोलरक्षक रोहित कार्कीले विफल तुल्याए। ५० औं मिनेटमा पुलिसका कप्तान जुमानु राईले 'वान भर्सेस वान'मा गोल गर्न नसक्दा अग्रता बनाउन सकेनन्। ५४ औं मिनेटमा कप्तान राईले प्रहार गरेको बल आफ्नै खुटामा ठोक्किएर पोस्ट नजिकैबाट बाहिरियो। त्यस्तै, १६ औं मिनेटमा संकटाका लक्ष्मण रुचालको फ्रिकिक पुलिसका गोलरक्षक संजित श्रेष्ठले विफल बनाए। २२ औं मिनेटमा संकटाका उत्तम राईले डिबक्स एरियाबाट गरेको प्रहार देब्रे बार नजिकैबाट बाहिरियो। संकटाले खेलमा एक दर्जनभन्दा बढी प्रहारलाई गोलमा सदुपयोग गर्न सकेन।आइतबारको खेलको प्लेयर अफ द म्याच विजेता टिम संकटाका फोडे फोफोना घोषित भए। उनले नगद ९ हजार ९९९ रुपैयाँ प्राप्त गरे। प्लेयर अफ द म्याचको सौजन्य युवा व्यवसायी श्याम प्रसाईंले प्रतियोगिताभर गरेका छन्। फागुन ३० गतेसम्म चल्ने प्रतियोगिताको विजेताले नगद १२ लाख ५५ हजार पाउनेछ भने उपविजेताले ६ लाख पाँच हजारमा चित्त बुझाउनु पर्नेछ।

प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले मोटरसाइकल पाउनेछन्।

उत्कृष्ट मिडफिल्डर, डिफेन्डर, स्ट्राइकरले नगद २१ हजार प्राप्त गर्नेछन्। प्रतियोगितामा सर्वाधिक गोलकर्ताले नगद २५ हजार पाउनेछ। पाँचौं संस्करणको झापा गोल्डकपको मुख्य प्रायोजक चौधरी ग्रुपको नेपाल आइस हो।

प्रतियोगिताअन्तर्गत सोमबारको क्वार्टर फाइनल खेल सशस्त्र प्रहरीको एपिएफ क्लब र सातदोबाटो युथ क्लबबीच हुने आयोजक समितिका अध्यक्ष विनोद बस्नेतले बताए। एपिएफ सोझै क्वार्टर फाइनलमा पुगेको हो। सातदोबाटोले जाउलाखेललाई हराउँदै क्वार्टर फाइनलमा प्रवेश गरेको थियो।

# वडाध्यक्षको कार्यकक्षमा लगाएको ताला तोडिदिए



*भद्रपुर(प्रस)* । नेपाली कांग्रेस भद्रपुर ९ नं. वडा समितिले वडा न. ९ का वडाध्यक्ष शनिलाल राजवंशीको कार्यकक्षमा लगाएको ताला आइतवार सेवाग्राहीहरुले तोडिदिएका छन्।

सेवा लिन आईतवार विहान १० :१० बजे ८-१० जनाको समूहमा कार्यालयमा आएका सेवाग्राहीहरुले वडाध्यक्ष राजवंशीको कार्यकक्षमा लगाएको ताला तोडिदिएका हुन्। जनताको प्रत्यक्ष सरोकार राख्ने सरकारी कार्यालयलाई विनासूचना तालाबन्दी गरेर जनतालाई असर पुग्ने काम गर्न नहुने भन्दै ताला तोडिदिएको सेवाग्राही बसन्त राजवंशीले बताए।

उनले वडा कार्यालय कुनै राजनैतिक दलको पार्टी कार्यालय नभएर जनताको प्रत्यक्ष सरोकार राख्ने कार्यालय भएकोले तालाबन्दी गरेर कहि कसैको पनि हित नहुने बताए।

वडाध्यक्ष राजवंशीले सम्बन्धित निकाय अदालतबाट कामकाज

❖ बाँकी तेस्रो पृष्ठमा

**नेपाल पत्रकार महासंघ झापा शाखा**
**बिर्तामोड , झापा**

**कर्मचारी आवश्यकता**

नेपाल पत्रकार महासंघको झापा शाखाका लागि कार्यालय सचिवको पदमा कर्मचारी आवश्यक भएकाले इच्छुक र योग्य नेपाली नागरिकबाट सात दिनभित्र आवेदन आह्वान गरिन्छ।
कर्मचारीको योग्यता- कक्षा १२ उत्तीर्ण वा सो सरह हुनु पर्नेछ। कम्प्युटरसम्बन्धी आधारभूत ज्ञान हुनुका साथै इमेल इन्टरनेट चलाउन सक्ने हुनु पर्नेछ।
स्थानीय र आफ्नै सवारी साधन भएकालाई प्राथमिकता दिइने छ।
थप जानकारीको लागि ९८४२६३०६८७
**डिकेश लामा**



## युट्युब...

अठार वर्षभन्दा माथिका उमेर समूहका लागि उपयुक्त हुने कार्यक्रमका लागि 'ए' रेटिङ दिनुपर्नेछ ।

सूचना तथा प्रसारण विभागका महानिर्देशक गोगनबहादुर हमालले सरकारले अनलाइनमार्फत् हुने प्रसारणलाई नियमन गर्न नियमावलीमा संशोधन गरेर यस्तो व्यवस्था बनाएको बताए । 'यो संशोधनले युट्युबसहित अन्य विभिन्न प्लेटफर्मबाट हुने प्रसारणलाई कानुनी दायरामा ल्याउँछ,' उनले भने, 'नियमावली राजपत्रमा प्रकाशित भइसकेको छ । अब यो कार्यान्वयनमै आइसकेको छ । यसबारे थप व्याख्या निर्देशिकामार्फत् आउनेछ ।'

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय
### १ नं. प्रदेशको

## १५ दिने सूचना

सधियार पूर्वः श्री विजय राई, पश्चिमः लक्ष्मी लोहार सुनार, दक्षिणः लक्ष्मी लोहार सुनार/अनवर आलम/विश्वनाथ निरौला को नाममा जारी

साविक चारपाने गाविस वडा नं. १ हाल बिर्तामोड नगरपालिका, वडा नं. १ बस्ने श्री ताराबिर बोहोराले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-१ | १ | १४३५४ १४४६१ | २०३.१८ | २०७८/१०/२६ | २०७८/१०/२६ | २०७८/११/२० |

## साना कृषि सहकारी संस्था लि.
चन्द्रगढी ,भद्रपुर-१० झापा

## दरखास्त आह्वान सम्बन्धमा

प्रस्तुत विषयमा यस संस्थाको मिति २०७८/११/११ गते बुधबारका दिन बसेको संचालक समितिको बैठकको निर्णय अनुसार तपशिल पदमा कर्मचारी आवश्यकता भएकोले यो दखास्त आह्वान गरिएको छ ।

**तपसिल**

पद : सह - व्यवस्थापक
संख्याः १
सेवाको किसिमः करार
शैक्षिक योग्यताः प्रविणता प्रमाण पत्र तह उत्तीर्ण (+द्द)
बाञ्छनीय योग्यताः कम्प्युटर बेसिक कोर्स पुरा गरेको
उमेरः १८ बर्ष पुरा भई ३० बर्ष ननाघेको
आवेदकको स्थाई ठेगाना : भद्रपुर नगरपालिकाका सम्पूर्ण वडाहरू
पारिश्रमिकः संस्थाको नियम अनुसार
दरखास्त दिने अन्तिम मिति : मिति २०७८/११/३० (कार्यालय समयभित्र)
दरखास्त दस्तुरः रु ५००। (फिर्ता नहुने)
परीक्षा मिति : मिति २०७८/१२/०४ गते
परीक्षाको किसिमः लिखित, मौखिक र प्रयोगात्मक

**आवश्यक कागजातहरु :**

१. नेपाली नागरिकताको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी
३. हस्तलिखित निवेदन
४. तालिम तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपी

समय नाघि आएका तथा रित नपुगेका दरखास्त उपर कुनै कारबाही हुने छैन। थप जानकारीका लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क नं.** ९८०६०९८३३३, ९८१५०४०५३१

## आवद्ध बचत तथा ऋण सहकारी संस्था लि.
बिर्तामोड-५ , झापा

## कर्मचारी आवश्यक्ता सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८।११।२३)**

विगत ९ वर्षदेखि आफ्ना सदस्यहरुको लागि वित्तीय सेवामा समर्पित यस आबद्ध बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड ५ झापालाई तपशिल बमोजिम कर्मचारी आवश्यक भएको हुनाले ईच्छुक योग्यता पुगेका व्यक्तिहरुले दरखास्त दिनुहुन अनुरोध गर्दछौं ।

**विज्ञापन नं. ५-०७८।७९**
**पद** : बजार प्रतिनिधि
**कार्यालय** : बिर्तामोड
**संख्या** : १
**शैक्षिक योग्यता** : (एसएलसी) एसईई वा सो सरह
**दरखास्त दस्तुर** : रु. २००

**विज्ञापन नं. ६-०७८।७९**
**पद** : बजार प्रतिनिधि
**कार्यालय** : अर्जुनधारा
**संख्या** : १
**शैक्षिक योग्यता** : (एसएलसी) एसईई वा सो सरह
**दरखास्त दस्तुर** : रु. २००

**अन्य योग्यता :** कम्प्युटरमा राम्रो ज्ञान भएको । तलब तथा अन्य सुविधा संस्थाको नियम अनुसार हुने छ ।
**दरखास्त दिने अन्तिम मिति** : २०७८।१२।०१ गते मंगलबार कार्यालय समयसम्म
**परीक्षाको किसिम :** अन्तर्वार्ता, प्रयोगात्मक
**दरखास्त साथ पेश गर्नुपर्ने कागजातहरु :** नागरिकताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, शैक्षिक योग्यता तथा अनुभवको प्रमाणपत्रको प्रतिलिपि ।

**पदपूर्ति समिति**

## तपाई निम्न मध्ये कुनै विवाहको साक्षी त बनिरहनु भएको छैन?

- बाल विवाह
- बहु विवाह
- अनमेल विवाह
- दाईजो विवाह
- अनिच्छित विवाह
- दवाव विवाह

बिचार गर्नुन,

के तपाई अपराध र अपराधीलाई सहयोग त गरिरहनु भएको छैन ? यी सबै विवाह सामाजिक र कानुनी अपराध हुन् ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## बिर्ता (सेफ्टी तथा ढल सफाई)
### बिर्तामोड , झापा

( पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

पुर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाई गरिन्छ ।

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस ।


नेपाल सरकार
## भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
## गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम

यही मिति २०७८ फागुन ५ गतेदेखि बिर्तामोड नगरपालिका क्षेत्रभित्र सञ्चालन हुन गइरहेको गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रममा खटी आउनु हुने कर्मचारीहरूलाई तपाईंहरूको घर-आँगनमा आएको समयमा सत्यतथ्य विवरण प्रदान गरी सहयोग गरिदिनुहुन नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

# कचनकवल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
### बनियानी, झापा

# सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मितिः २०७८।११।२३

यस कचनकवल गाउँपालिकाको तपसिल बमोजिमका पदहरुमा खुला प्रतिस्पर्धामार्फत सेवा करारमा पदपूर्ति गर्नु पर्ने भएको हुँदा योग्यता पुगेका र सेवासम्बन्धी प्रचलित कानुन बमोजिम अयोग्य नठहरिएका इच्छुक नेपाली नागरिकहरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले पन्ध्र दिनभित्र कार्यालय समयमा गाउँकार्यपालिकाले तोकेको ढाँचामा दरखास्त आवेदन दिनुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) **आवश्यक पद, संख्या र किसिम**

| क्र.स | विज्ञापन नं. | पद | तह/समूह | आवश्यक संख्या | दरखास्त फारम शुल्क | न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|---|
| १ | १२।०७८।०७९ | हेल्थ असिस्टेन्ट (एच.ए) | स.पाँचौ/हे.ई | २ | रु.५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामान्य चिकित्सा विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरी सम्वन्धित परिषदमा नाम दर्ता भएको हुनु पर्नेछ । |
| २ | १३।०७८।०७९ | अ.हे.व | स. चौंथो/हे.ई | २ | रु.५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट सामुदायिक चिकित्सा विषयमा प्राविधिक एस.एल.सी.(CMA/AHW) कोर्ष उत्तीर्ण गरी सम्वन्धित परिषदमा नाम दर्ता भएको हुनु पर्नेछ । |
| ४ | १४।०७८।०७९ | अ.न.मी. | स. चौंथो/क.न | १ | रु.५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्राविधिक एस.एल.सी तह उत्तीर्ण गरी सम्बन्धित परिषदमा नाम दर्ता भएको हुनु पर्नेछ । |
| ५ | १५।०७८।०७९ | सहायक कम्प्युटर अपरेटर | स. चौंथो/विविध | २ | रु.५०० | मान्यता प्राप्त शिक्षण संस्थाबाट +२ वा सो सरह उत्तीर्ण गरेको र मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनाको कम्प्युटर तालिमप्राप्त गरेको । |

२) **उमेरको हद :-** १८ वर्ष पूरा गरी ४५ वर्ष ननाघेको वा पद र श्रेणीसंग सम्वन्धित प्रचलित ऐन नियमानुसार ।
३) **सेवा करार अवधि** :- २०७९ अषाढ मसान्तसम्मका लागि (काम सन्तोषजनक भएमा कार्यालयको आवश्यकता अनुसार पुनःम्याद थप गरिदै लगिने छ ।)
४) **तलब सुविधा** :-प्रचलित नियमानुसार/पालिकाले तोके अनुसार ।
५) **दरखास्त पेश गर्ने अन्तिम म्याद**:- प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिनसम्म कार्यालय समयभित्र ।
६) **छनौटको किसिम** :-लिखित परीक्षा र अन्तर्वार्ता, ( वि.न.१५।०७८।०७९ को हकमा प्रयोगात्मक परीक्षा समेत) ।
७) **आवेदकहरुले दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरु :-**
क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी १ प्रति
ख)सेवासंग सम्बन्धित शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी १ प्रति ।
ग)सम्वन्धित परिषद दर्ता प्रमाणपत्रको प्रतिलिपी १ प्रति (सि.न. ५ बाहेक)
घ) कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपी १ प्रति
ङ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो ३ प्रति
८) **सम्पर्क मिति :** दरखास्त वुझाउने अन्तिम दिनको भोलीपल्ट सो दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन कार्यालय समयभित्र ।
९) **परीक्षा मिति** :- पछि तोकिनेछ ।
१०) **काम गर्नुपर्ने स्थान** : गाउँपालिकाले तोके बमोजिम हुनेछ ।
११) **सम्पर्क** : आवेदन फारमको लागि कचनकवल गाउँपालिका राजश्व शाखामा सम्पर्क गर्नु हुन ।

वोधार्थ :- श्री सूचना प्रविधि शाखा : वेवसाइटमा अपलोड गरिदिनहुन ।


## हरि ओम UPVC उद्योग

बिर्तामोड-१ (बाल्मिकी स्कुल पश्चिम) फोनः ०२३-५४२४६१
हाम्रा सेवाहरूः यु.पि.भि.सि. का विभिन्न डिजाईनका झ्याल ढोका पार्टेसन, रुफिङ्गका साथै आधुनिक आवास, विद्यालय, अस्पताल, होटलका भवनहरू निर्माण गरिन्छ।



नेपालमै पहिलो पटक बनेको ISO 2001/2015 मान्यता प्राप्त लिड केमिकल फ्रि भएको नेपालको एक नम्बर UPVC Nepatop
9842717153 / 9842696003


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) फोन नं.: ०२३-५४३८२० इमेल : pratidin65@gmail .com अध्यक्ष : युवराज दाहाल ।। कार्यकारी सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### वार्ताबाट समाधान गर

रुष र युक्रेनबीचको युद्ध चर्किएका बेला तेस्रो चरणको शान्ति वार्ता सोमवार हुने भएको छ । यसअघि पनि दुई देशबीच वार्ता भएको थियो। वार्ता युक्रेन र बेलारूसको सीमामा भएको थियो। तर यस पटक वार्ता कहाँ हुने भन्ने खुलाइएको छैन। रूसी र युक्रेनी अधिकारीहरूबीच भएको पहिलो र दोस्रो चरणको वार्तामा कुनै निष्कर्ष निस्किएको छैन। तेस्रो चरणको वार्ता सोमवार हुने जानकारी युक्रेनका तर्फबाट वार्ता टोलीका सदस्य डेभिड आरकसानले जानकारी दिएका छन्। उनले आफ्नो फेसबुक स्टाटसमा युक्रेन र रूसबीच अर्को अर्थात् तेस्रो चरणको वार्ता सोमवार हुने जनाएका छन्।

युक्रेनका अधिकारीहरूले यसअघिका दुई चरणको वार्तामा कुनै सफलता प्राप्त नभएकाले यसपटक पनि ठूलो नतिजा निस्किने अपेक्षा नगरिएको बताएका छन्। दुई दिनअघि भएको दोस्रो चरणको वार्ता सकिएपछि वार्तामा सहभागी दुवै देशका अधिकारीहरू आ–आफ्नो राजधानी फर्किएर आवश्यक परामर्श गरी यो तेस्रो चरणको वार्ता गर्ने बताएका छन्।

रूस पछिल्लो चरणमा वार्ता जारी राख्न सहमत भएको थियो। सोही बमोजिम नै दुवै पक्ष वार्तामा बसेका थिए। रूस र युक्रेनले आगामी केही दिनभित्र नै अर्को उच्चस्तरीय वार्तामा बस्ने गत शुक्रवार बताइएको थियो। उता रूसले भने पछिल्ला दिनमा युक्रेनको राजधानी किभका आवासीय क्षेत्रहरूमा हवाई आक्रमण गरेको छ।

रूसले युक्रेनको आवासीय क्षेत्रहरूमा गोलाबारी गरिरहेको आरोप लगाइएको छ। युक्रेनी राजधानी किभमा भने खतराको साइरनहरु निरन्तर बजिरहेको छ।

रूसले युक्रेनमाथि धेरै स्थानबाट हमला गरिरहेको छ। ती स्थानहरुमा युक्रेनी फौजको प्रतिवाद भने जारी छ । जसका कारण रूसी सेना अगाडि बढ्ने गति कम भएको छ । यसैले पनि रूस वार्ताका लागि तयार भएको विभिन्न विश्व समुदायले जनाएको छ ।

रुसी सेनाले युक्रेनमाथि गरेको हमला र त्यसको युक्रेनले गरेको प्रतिरोधमा परी १० लाख युक्रेनी आफ्नो देश छाडेर विदेश पलायन भएका छन् । बख्तरबन्द गाडीसहित रुसी सेना युक्रेनको राजधानी किभतिर अघि बढ्दै गर्दा दुवैतिरका सेनामा हताहतीको संख्या बढ्दै गइरहेको छ । आक्रमण र प्रतिरोधको चपेटामा परेर सर्वसाधारण जनताले पनि ज्यान गुमाउन पुगेका छन् । अहिले चलिरहेको रुस–युक्रेन युद्धमा शक्ति राष्ट्रहरू थपिने र यसलाई विश्व युद्धको स्वरुपमा विस्तार गर्ने भन्दा पनि यो युद्धलाई मानवीय दृष्टिकोणबाट समीक्षा गरेर यसको शान्ति र वार्तामार्फत् समाधानको बाटो खोज ।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# एमसीसीले स्थापित गरेका तथ्य



• शान्तिकृष्ण अधिकारी

सन् २०१६ देखि नै आरम्भ भएको नेपालको विकासका लागि अमेरिकाले एमसीसीमार्फत दिने भनेको अनुदानले निकै चर्चा बटुल्यो । २०१७ मा नेपालले आफैं मागेर ल्याएको करिब ६० अर्ब रुपैयाँको यो परियोजना रोचक एवं घोचक ढङ्गले विवादित पनि बन्यो । मिलेनियम च्यालेन्ज कर्पोरेसन नामक यो अनुदान नेपालका लागि साँच्चिकै च्यालेन्जकै रूपमा रह्यो । अनुदानको रकम लिन हुन्छ कि हुँदैन भन्ने संशय, अज्ञानता, भ्रम र त्रासले नेपालको राजनीतिलाई तरङ्गित पनि बनायो । यही अनुदान रकमकै कारण नेपालको नेपाल कम्युनिस्ट पार्टी फुटेर नेपाल कम्युनिस्ट पार्टी (एमाले), माओवादी र नेकपा समाजवादी बने । नेकपाका नेताहरूका महत्वाकांक्षा, आत्मतुष्टि र हैकमवादी प्रवृत्तिले नेकपा फुटेको भए पनि अन्तर्यको एउटा कारण एमसीसी पनि रह्यो । यसैका कारण नेपालको सरकार नै ढल्ने, ढल्न खोज्ने र धर्मराउने अवस्था पनि उत्पन्न गराइयो । सारांशमा भन्नुपर्दा एमसीसी नेपालमा एउटा ठूलै आँधिबेहरी बनेर आयो ।

अन्ततः एमसीसी नेपालको संसद्ले पारित गऱ्यो । संसदमा उपस्थित सांसदको बहुमतको ध्वनि मतले यसलाई पास गऱ्यो । सडकमा आफ्ना कार्यकर्ता उरालेर तनाव सिर्जना गर्ने दलहरू पनि एमसीसीकै पक्षमा आए । तटस्थ बसेर सहमति जनाउने दलहरू पनि देखिए । पर्दा अगाडि विरोधमा उत्रिएका सबै पर्दा पछाडिको परिदृश्यमा अमेरिकाकै पक्षमा उभिए । नेपाली जनतालाई मूर्ख बनाउन खोज्नेहरू सबै कि त आफैं मूर्ख बने या नबुझ्नेकाहरू मूर्ख बनी नै रहे । एमसीसी पारित हुन हुन्थ्यो कि हुँदैनथ्यो भन्ने विषय छुट्टै विवादको विषय हो तर यसले नेपाल र नेपालीका माझमा अत्यन्त गाढा प्रभाव जमाएर पारित भयो । यसैका कारण दर्जनौं नेपाली जनता घाइते बने । दर्जनौं प्रहरी अनाहकमा घाइते बन्नु पऱ्यो । निर्वाध सडकपेटीमा हिँड्न पाउने नागरिकले आन्दोलनकारीले भत्काएका कारण पेटीमा हिँड्दा पनि सतर्क हुनुपर्ने अवस्था आयो । करोडौंका भौतिक संरचना क्षति हुन पुग्यो तर पनि आन्दोलनको नेतृत्व गर्नेहरू नेपाल र नेपालीकै निम्ति यसो गरिएको भनिरहेका छन् ।

ऋण रकम लिएर नेपालको विकास गर्न हुन्छ तर अनुदानमा कुनै रकम लिन हुँदैन भन्नेहरूको प्रभाव व्यापक देखियो । सकारात्मक सोच भएकालाई नकारात्मक सोच भएकाको बथानले ओझेलमा पाऱ्यो । स्थिरताका पक्षधरलाई अस्थिरताका हिमायतीले केही समय पराजित मानसिकतामा बस्न बाध्य बनाए । यद्यपि जे हुन थियो भयो । एमसीसी पारित भयो । पारित हुँदै गर्दा नेपालका राजनीतिक दल र तिनका नेताका सम्बन्धमा केही तथ्य स्थापित गरेर पनि गयो ।

**समन्वयकारी एवं संयमित देउवा**

प्रधानमन्त्री शेरबहादुर देउवाको भाग्यमा जहिले पनि संयुक्त भनौं या गठबन्धन सरकार सञ्चालन गर्ने अवसर मात्र प्राप्त हुन्छ । प्रजातान्त्रिक र गणतान्त्रिक दुवै कालखण्डमा उहाँले नेपाली काँग्रेसका एकल बहुमतको सरकार चलाउन पाउनुभएको छैन । यसकारणले पनि उहाँ संयमित, समन्वकारी र चतुर हुनुपर्ने बाध्यता छ । परिणामले पनि त्यस्तै देखाएको छ । संयुक्त सरकार सञ्चालनमा उहाँ सफल हुँदै आउनुभएको छ । यस्तै अनुभवले होला, उहाँ खारिँदै गएकाले पनि मुलुक र मुलुकवासीको हितमा संवेदनशील हुँदै गएको देखिन्छ । यसले काँग्रेस पार्टी र मुलुककै लागि हित गर्नेछ ।

एमसीसी प्रकरणमा उहाँले प्रदर्शन गरेको दक्षताले महत्वपूर्ण काम गरेको छ, मुलुककै हितमा । कम्युनिस्टको बहुमत रहेको संसद् र बहुमत सदस्य एमसीसीको विरोधमा सदन र सडकमा उत्रिरहेका बेलामा समेत यो सम्झौता संसद्बाटै पारित गराएर देउवाले देखाएको क्षमता प्रशंसायोग्य छ । सुझबुझपूर्ण राजनीति भयो भने सदनको अल्पमत र बहुमतले केही गर्दैन, सफल हुन सकिन्छ भन्ने सन्देश पनि एमसीसी प्रकरणले देखाएको छ । देश विकासको एजेन्डा बोकेर अघि बढ्ने हो भने आफू हिँडेको मार्गलाई अरूले छेक्न सक्दैनन् भन्ने पनि यही प्रकरणले पुष्टि गऱ्यो ।
काँग्रेसभित्रको आन्तरिक द्वन्द्वलाई समेत यही बेलामा केही मत्थर पार्न देउवाले प्रयत्न गरेको देखिन्छ । एमसीसी सम्झौताका सम्बन्धमा सभापति पदका लागि महाधिवेशनमा आफ्ना प्रतिद्वन्द्वीका रूपमा खडा हुनुभएका डा. शेखर कोइरालाले भन्दै आउनुभएका एजेन्डालाई अगाडि सार्नुभयो ।
अन्य राजनीतिक दलसँग छलफलको संवादमा महामन्त्री गगन थापा र डा. मीनेन्द्र रिजाललाई प्राथमिकतामा राख्नुभयो । यसबाट सभापतिले देउवाले पार्टीभित्रको समन्वयमा पनि लचिलो हुनसक्ने संकेत दिनुभएको छ । पदाधिकारीमा पराचित चन्द्र भण्डारी र मीनेन्द्रलाई मात्रै केन्द्रीय सदस्यमा मनोनयन नगरेर पूर्वाग्रह राखेको आरोप लागेका देउवाले गुटबन्दी अन्त्यका लागि तयार हुनसक्ने संकेत दिनुभएको छ, जुन पार्टी हितमा त छँदैछ निकट भविष्यमा हुने स्थानीय तह निर्वाचनमा काँग्रेसलाई जिताउन पनि मद्दत गर्नेछ ।
अर्कोतिर नेपाली काँग्रेस सत्तामा रहँदा एउटा कुरा र प्रतिपक्षमा रहँदा अर्को कुरा गर्दैन भन्ने पुष्टि पनि देउवाको नेतृत्वमै अहिले भएको छ । पहिले काँग्रेसका नेता गिरिजाप्रसाद कोइराला काँग्रेस जे बोल्छ, त्यही मात्र गर्छ भन्ने गर्नुहुन्थ्यो । बाहिर एउटा कुरा र भित्र अर्कै षड् यन्त्र काँग्रेसबाट हुँदैन भन्ने मान्यतासमेत अहिलेको कदमबाट स्थापित भएको छ । नेकपा पार्टी ओलीको नेतृत्वमा एक रहँदा नै संसद्मा प्रस्तावका रूपमा दर्ता भएको बेलामा काँग्रेसले यसमा सहमति जनाएको थियो र अहिले पारित हुँदासम्म सुरुकै अडानमा रह्यो । यसबाट काँग्रेसका नेता सबै मिलेर पार्टी द्वैध चरित्रको होइन/हुँदैन भन्ने प्रमाणित गर्न सफल भएको छ ।

**अस्थिर प्रचण्ड, त्रसित माधव**

नेकपा (माओवादी केन्द्र)का अध्यक्ष प्रचण्डले अस्थिर नेताको उपाधि पाएको धेरै भयो । उहाँ आफैँले समेत यो कुरालाई स्वीकार गरेर ठाउँठाउँमा बोल्ने गर्नुभएको छ । संसदमै एकचोटि नेकपा (एमाले)का अध्यक्ष ओलीलाई जवाफ दिँदा प्रचण्डले भन्नुभएको थियो, म अस्थिर नभएको भए तपाईं कसरी प्रधानमन्त्री बन्नुहुन्थ्यो ? सत्तालाई केन्द्रबिन्दुमा राखेर कहिले यता त कहिले उता गर्ने बानीले उहाँलाई कमजोर बनाउँदै लगेको छ । एमसीसी प्रकरणले उहाँलाई राष्ट्रिय राजनीतिमा मात्र होइन, अन्तर्राष्ट्रिय राजनीतिमा समेत निकै ठूलो धक्का लाग्न पुगेको छ । अमेरिकालाई हामी पक्षमा छौं भनेर पत्र लेख्ने अनि नेपालभित्र विपक्षमा कदम चाल्ने गरेकाले उहाँको विश्वासमा प्रश्न उठाइएको पाइन्छ । संसदि् भत्र सबै सांसदलाई एमसीसीका पक्षमा मत हाल्न उर्दी जारी गर्ने र कार्यकर्तालाई सडकमा उतार्ने कामले उहाँको राजनीतिक नैतिकतामा धेरै प्रश्न उठेका छन् । उता माधव नेपाल पनि एमसीसीको विरोध नगरे आफ्नो दललाई जनताको समर्थन नहुने, समर्थन नगरे सत्ता छोड्नुपर्ने दोहोरो त्रासको मारमा परेको देखियो । सत्ता छाड्दा अहिले सत्तामा रमाएका पुनः एमालेमा फर्कने हुन् कि र सत्तामा बसेर सोझै एमसीसी पारित गर्दा जनताबाट तिरष्कृत हुनुपर्ने हो कि भन्ने दोसाँधमै रहेर नेकपा समाजवादीका क्रियाकलाप अगाडि बढे ।

**उभयलिङ्गी एमाले**

नेकपा माओवादी जङ्गल छाडेर संसद् प्रवेश गरिसकेपछि त्यतिबेलाको एमालेले पाएको उपाधि थियो - उभयलिङ्गी । त्यतिबेला एमाले कहिल्यै आफ्ना एजेन्डा बोकेर अघि बढेन । कहिले माओवादी पार्टीका एजेन्डामा उभिन्थ्यो त कहिले काँग्रेसका आवाजमा समर्थन जनाउँथ्यो । एमाले पूरै सिङ्गो पार्टी नै दुईतिर विभाजित भएर आधाले काँग्रेस र आधाले माओवादीको समर्थन गर्नुपर्नेमा विवाद गरेको पाइन्थ्यो । एमसीसी प्रकरणमा समेत एमालेको ठोस धारणा पाउन सकिएन । आफैँले अघि बढाएको सम्झौतामा समेत किंकर्तव्यविमूढ भएर एमाले बस्यो । संसद् को सबैभन्दा ठूलो दल एमालेका यस्ता गहन विषयमा स्पष्ट धारणा आउनुपर्थ्यो तर सरकारले कस्तो प्रस्ताव ल्याउँछ हेर्छौं भन्दै दिन गुजाऱ्यो । एमालेले संसद्भित्र न एमसीसीको समर्थन गऱ्यो न विरोध नै । प्रस्ताव पारित भइसकेपछि भने पत्रकार सम्मेलन गरेर समयमै एमसीसी कार्यान्वयन हुनुपर्ने धारणा अगाडि सारेको छ ।

**अन्त्यमा**

एमसीसीले देशलाई निश्चय नै भलो गर्छ भन्ने अपेक्षा गर्नुपर्छ । संसद्को बहुमतले यही कुरालाई प्रमाणित गरेको छ । भोलि के हुन्छ, जनताले हेर्दै जाने हो । जनताको एउटा बानी के छ भने विगतमा कुन राजनीतिक दलले आफ्ना पक्षमा अडान राख्यो, देश विकासका एजेन्डामा कुन राजनीतिक दल अडिग रह्योजस्ता विषय हेक्का नराखी तत्कालै भुल्ने । अब यस्ता विषयमा सुधार गर्दै प्रस्ट विचार भएको राजनीतिक दल र नेताको पहिचान जनताले गर्न सक्नुपर्छ । राष्ट्रियता, प्रजातन्त्र र समाजवादलाई आदर्श मान्ने काँग्रेसले मुलुक र नागरिक हितकै लागि एमसीसी सम्झौता अघि बढाएको हो, यसले विकासको नयाँ ढोका खोल्नेछ । कम्युनिस्ट भ्रममा परियो भने त्यसले विकासको गति धेरै पछाडि धकेल्नेछ ।

# कृषिमा उद्यमशीलता



• धर्मराज भट्टराई

कृषि क्षेत्रलाई नेपाली अर्थतन्त्रको मेरुदण्ड मानिन्छ । तथापि हाम्रो मुलुकको कृषि क्षेत्रका प्रमुख विशेषताहरूबाट अहिलेसम्म पनि 'निर्वाहमुखी खेती प्रणाली ' हट्न सकेको छैन । यसले मुलुकका अधिकांश किसान व्यावसायिक खेती प्रणालीको पहुँचमा पुग्न सकिरहेका छैनन् भन्ने पुष्टि गर्छ । अर्कोतर्फ कुल जनसंख्याको करिब दुईतिहाइभन्दा बढी जनशक्ति सक्रिय रूपमा आबद्ध रहेको यो क्षेत्रले देशको कुल गार्हस्थ्य उत्पादनमा भने एकतिहाइभन्दा पनि कम भाग ओगट्नु , देशमा आयात हुने अधिकांश वस्तुको हिस्सा कृषिजन्य वस्तु नै हुनु र ग्रामीण गरिबीको तथ्यांक हेर्दा सबैभन्दा धेरै कृषककै नाम देखिनुले हामीले सजिलै अनुमान लगाउन सकिन्छ कि मुलुकको कृषि क्षेत्रमा अग्रगामी परिवर्तनको टड्कारो आवश्यकता देखिन्छ । यो परिवर्तन त्यतिबेला सम्भव छ , जतिबेला यो क्षेत्रमा उद्यमशीलताको विकास गर्न सकिन्छ । सामान्य अर्थमा उद्यमशीलता एउटा व्यावसायिक प्रवृत्ति हो , जसले वस्तु तथा सेवाको मूल्यको सिर्जना गर्छ । यसमा अर्थ उपार्जन गर्ने उद्देश्यले प्रेरित भई सञ्चालित मानवीय क्रियाकलाप समावेश हुन्छन् । पुँजी लगानी गरेर , जोखिम बहन गर्दै कुनै नयाँ सिर्जनात्मक तथा उत्पादनशील कार्यमा संलग्न हुनु नै उद्यमशीलता हो र यही उद्यमशील कार्यमा संग्लग्न व्यक्ति नै उद्यमी हुन् । विभिन्न वस्तु तथा सेवासँग सम्बन्धित उद्यमशीलताजस्तै कृषि व्यवसायसँग सम्बन्धित उद्यमशीलतामा पनि लाभ तथा मुनाफाबाट उत्प्रेरित भएर लगानी सुरु गरिन्छ । यसरी व्यवसाय सञ्चालन गर्न खेती वा अन्य ग्रामीण आय आर्जनसँग सम्बन्धित गतिविधि सञ्चालन गर्ने व्यवस्थापकीय क्षमता नै कृषि उद्यमशीलता हो । कृषि व्यवसायअन्तर्गत बाली , बागवानी , फूल व्यवसाय , रेशमपालन , जलीयकृषि र पशुपन्छी साथै उपक्षेत्रसँग सम्बन्धित वस्तु तथा सेवाको उत्पादन , बेचबिखन र प्रशोधनसँग सम्बन्धित उद्यमहरू समावेश हुन्छन् ।

मुलुकका अधिकांश मानिस कृषि पेशामा आबद्ध रहे पनि केही सीमित वस्तु तथा सेवामा मात्र उद्यमशीलता प्रयोग भएको पाइन्छ । अझै पनि धेरै स्थानका किसानले परम्परागत खेती प्रणाली नै अपनाएका छन् । जहाँ लाभ-लागतको विश्लेषण नगरी पुर्खाहरूले जुन विधि र तरिकाबाट खेती गरेका थिए , त्यसैलाई निरन्तरता दिएको पाइन्छ । यसले गर्दा किसान कृषि उद्यमभन्दा पनि कृषि श्रमिकका रूपमा मात्र प्रस्तुत भएको देखिन्छ । उत्पादन र उत्पादकत्वको उचित मूल्यांकन नहुँदा यो क्षेत्रमा अदृश्य बेरोजगारीको डरलाग्दो अवस्था छ । शून्य सिमान्त उत्पादकत्व भएका कृषि श्रमिक असंख्य मात्रामा छन् । अर्कोतर्फ व्यवस्थापकीय क्षमताको अभावले गर्दा उत्पादित वस्तुबाट समेत उचित लाभ लिन नसकिरहेको देखिन्छ । यो अवस्थालाई सम्बोधन गर्ने एउटा महत्वपूर्ण उपाय यो क्षेत्रमा उद्यमशीलताको विकास गर्नु नै हो ।

उर्वर माटो र भौगोलिक विविधताका कारण नेपालमा कृषिमा उद्यमशीलताका प्रशस्त सम्भावना छन् । वर्षायाममा समशितोष्ण हावापानी भएका हिमाली र पहाडी क्षेत्रमा उत्पादित कृषि उपजले तराई क्षेत्रका केही माग पूर्ति हुन्छ भने तराई क्षेत्रमा उत्पादित खाद्यान्नले पहाड र हिमाली क्षेत्रको धेरै माग पूर्ति हुन्छ । यति मात्र होइन , आन्तरिक बजारबाहेक छिमेकी मुलुकमा समेत निर्यात गर्न सक्ने सम्भावना यो क्षेत्रले बोकेको छ । जनसंख्याका हिसाबले विश्वकै दुई ठूला मुलुक भारत र चीनका बजारमा रहेको ठूलो मागलाई केही हदसम्म परिपूर्ति गर्नसमेत यो क्षेत्रको प्रबल सम्भावना देखिन्छ । नेपाल सरकारले कृषि उद्यमलाई टेवा पुग्ने गरी विभिन्न समयमा विभिन्न प्रकारका कार्यक्रम तथा योजना तर्जुमा गरेको पाइन्छ । निर्वाहमुखी तथा छरिएर रहेको कृषि उत्पादन प्रणालीलाई आधुनिक , सघन , प्रतिस्पर्धी , एवं व्यावसायिक बनाउन आवश्यक रहेको महसुस गर्ने राष्ट्रिय कृषि नीति , २०६१ को तर्जुमा गरियो । यसैगरी कृषिको व्यावसायीकरण , कृषिजन्य उद्योगको विकास र बजारमुखी कृषि उत्पादन गर्न सघाउ पुऱ्याउने उद्देश्यले कृषि व्यवसाय प्रवर्द्धन नीति , २०६३ लागू गरिएको थियो ।
साना उत्पादक र किसानको आम्दानी बढाउन , कृषि उद्यमशीलता प्रवर्द्धन गर्न र ग्रामीण नेपालमा रोजगारी सिर्जना गर्न मद्दत गर्ने उद्देश्यले नेपाल सरकार र विश्व बैंकको सहकार्यमा सन् २०२० को अन्त्यतिर ग्रामीण उद्यम र आर्थिक विकास ( रिड ) परियोजना शुभारम्भ गरिएको थियो । ग्रामीण उद्यमीहरूका लागि दिगो सम्बन्ध बढाउनका लागि प्रदेश १ , मिथिला , बागमती , गण्डकी , लुम्बिनी र सुदूरपश्चिमलाई समेट्ने पाँचवटा आर्थिक करिडोरका लागि चुनिएका नगरपालिकामा यो रिड परियोजना कार्यान्वयन गरिने जनाइएको छ । यो परियोजना सरकारको बीस वर्षे कृषि विकास रणनीति २०१५ - ०३५ सँग मिल्दोजुल्दो रहेको र यसले प्रादेशिक , स्थानीय सरकारहरू , मध्यस्थ संस्थाहरू र साना तथा मझौला उद्यमहरू , विशेषगरी महिलाको नेतृत्वमा कृषि क्षेत्र र उद्यमशीलताको वातावरण सुदृढ पार्ने आशा गरिएको छ ।

नेपाल राष्ट्र बैंकले ल्याएको मौद्रिक नीति २०७७-७८ कृषि उद्यमको क्षेत्रलाई उत्साहित बनाउन सहयोग पुऱ्याउने कृषि उद्यमीहरूले जनाएका छन् । यो नीतिमा यसअघि वाणिज्य बैंकहरूले गर्ने कर्जा प्रवाहमध्ये कृषिमा अनिवार्य रूपमा दस प्रतिशत प्रवाह गर्नुपर्ने प्रवधानलाई बढाएर पन्ध्र प्रतिशत कायम गरिएको र उद्यमीहरूलाई कर्जा तिर्ने समयावधि थप गर्नुका साथै ऋण सहजीकरणका व्यवस्था पनि उल्लेख गरिएको छ ।
कृषकलाई वित्तीय साधनका साथै कृषि सूचना तथा जानकारी उपलब्ध गराउन कृषि विकास बैंकमार्फत किसान क्रेडिट कार्डको व्यवस्था गरिने साथै व्यावसायिक रूपमा गरिने फलफूल , तरकारी , रेशम , जुट , कपासजस्ता नगदे बालीलगायतका कृषि खेतीको विकास गरी उद्योग विकासका लागि कृषि कर्जा प्रवाहलाई प्रोत्साहन गर्न कर्जा नोक्सानी व्यवस्था लचकता अपनाइने उल्लेख गरिएको छ । यसले गर्दा कोभिड-१९ को नकारात्मक प्रभावले निराश कृषि उद्यमीले केही राहत महसुस भएको अनुभव व्यक्त गरेका छन् । राष्ट्रिय-अन्तर्राष्ट्रियस्तरबाट भएका प्रयासका अतिरिक्त पनि हाम्रो मुलुकको कृषि उद्यमशीलता सन्तोषजनक छ भन्न मिल्ने अवस्थामा छैन ।

कृषि व्यवसायसँग सम्बन्धित विभिन्न समस्या अझै पनि पूर्ण रूपमा सम्बोधन हुन सकिरहेका छैनन् । मुख्य समस्याको चर्चा गर्नुपर्दा सर्वप्रथम सरकारले बनाएका नीति , योजना , अनुदानसँग सम्बन्धित कार्यक्रममा वास्तविक किसानको पहुँच पुगेको छ कि छैन भन्ने आउँछ । के सरकारले किसानलाई उद्यमी बनाउन खोजेको जानकारी वास्तविक किसानले पाएका छन् त ? यो प्रश्नको उत्तर सजिलै दिन किन गाह्रो छ । तसर्थ पहिलो काम किसानको डिजिटल पहिचान कार्यक्रमलाई प्रभावकारी रूपमा अगाडि बढाएर किसान कार्ड वितरण गर्नुपर्ने आवश्यकता देखिन्छ । यसपछि मात्र वास्तविक किसानलाई सुसूचित गर्ने मौका मिल्न सक्छ । यसैगरी कृषि व्यवसायका अन्य समस्यामा वास्तविक किसानको थोरै मात्र जमिनमा स्वामित्व हुनाले उनीहरूमा यस व्यवसायप्रति उत्साह कम हुनु , कृषि पूर्वाधारको सहज पहुँच नहुनु, प्रतिस्पर्धात्मक वस्तुको उत्पादन हुन नसक्नु, कृषि मूल्य श्रृंखला प्रणाली, अनुसन्धानको अभाव र नयाँ प्रविधिसँगको कमजोर सम्बन्ध पर्छन् ।

अहिलेको समयमा एकातिर मुलुकको समग्र विकासलाई नागरिकको आकांक्षाअनुरूप शीघ्रता दिनुपर्ने खाँचो छ भने अर्कोतर्फ विकासका नयाँ चुनौतीको सामना गर्नु परिरहेको छ । यस्तो अवस्थामा हाम्रो अर्थतन्त्रको मूल आधारका रूपमा रहेको कृषि क्षेत्रको विकास एवं पुनर्संरचनाका लागि उद्यमशीलताको अवसर र व्यवस्थापकीय सीप उपलब्ध गराई समग्र देशको अर्थतन्त्रमा टेवा दिनुपर्ने खाँचो देखिन्छ । कृषि क्षेत्रमा वस्तुहरू उत्पादनबाहेक यसका अन्य आयाम जस्तै- कृषि पर्यटन, कृषि संग्रहालय, कृषि अनुसन्धान केन्द्र, कृषि प्रशोधन केन्द्र आदिको स्थापना गरी यसको विकास र विस्तारमा सहयोग पुऱ्याउन सकिन्छ । अर्कोतर्फ युवाकेन्द्रित कृषिमा उद्यमशीलताका अवसरको विकास गर्न सके एकातर्फ यहाँ विद्यमान बेरोजगारी समस्या न्यून गर्न सकिन्छ भने निर्यातमुखी अर्थतन्त्रलाई प्रतिस्थापन गर्नसमेत सहयोग पुग्छ ।

# गाउँपालिका अध्यक्षबाट गुम्बालाई एक लाख सहयोग



***माईजोगमाई(प्रस)।*** यतिबेला माईजोगमाई गाउँपालिका टिम गाउँपालिकाको विकासको लागि कम्मर कसेर लागेको छ । माईजोगमाई गाउँपालिकाको पर्यटकीय स्थलहरुको संरक्षण गर्न माईजोगमाई गाउँपालिका अध्यक्ष जितबहादुर राई आफै लागेका हुन् ।

माईजोगमाई गाउँपालिका वडा नं ६ प्याङमा रहेको डंग्युर त्रिङमा पल्युल ओर्गेन लोङ्छुई लिङ गोन्पालाई गुम्बा निर्माणको लागि माईजोगमाई गाउँपालिका अध्यक्ष राईले आफ्नो व्यक्तिगत तर्फबाट एक लाख चार हजार रुपैयाँ बराबरको ईँटा हस्तान्तरण गरेका छन् । गुम्बा व्यवस्थापन समितिले गुम्बा निर्माणको लागि ईँटा पाएपछि खुशी व्यक्त गरेको छ ।

कुनै पनि राजनैतिक प्रलोभन नदेखाई गुम्बाको निर्माण कार्यका लागि सहयोग गरेको गाउँपालिका अध्यक्ष राईले बताए । गाउँबासीको साथ सहयोग भएमा माईजोगमाई गाउँपालिकाको अन्य क्षेत्रको विकासमा आफू अहोरात्र खटिने राईले बताए ।

# लागूऔषधसहित एकजना पक्राउ



***झापा(प्रस)।*** सुनसरीको धरान उपमहानगरपालिका-५ बाट निषेधित लागूऔषधसहित एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा धरान-५ का २६ बर्षीय चेतन मगर रहेका छन् । शनिवार राति पौने १० बजे बिशेष सूचनाको आधारमा अस्थायी प्रहरी पोष्ट देउरालीबाट खटिएको प्रहरी गस्ती टोलीले मगरको कोठामा खानतलासी गर्दा नियन्त्रित औषधी Tramadol-४९५ क्याप्सुल, Tramol-२६१० क्याप्सुल, Spaspain-१९१४ ट्याब्लेट र म्भअयष्अि-२३१५ ट्याब्लेट र को.२१ प ४७४६ नम्बरको मोटरसाईकलसमेत बरामद गरेको हो । नियन्त्रित औषधीसहित पक्राउ परेका मगरको इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ ।

# दुर्घटनामा एकजनाको मृत्यु, ७ घाईते

***झापा (प्रस) ।*** ओखलढुंगाको सिद्धिचरण नगरपालिका-५ सिस्नेखोलामा रुम्जाटार ओखलढुंगा भित्री सडकखण्डको माम्खामा दुर्घटना हुँदा एकजनाको मृत्यु भएको छ भने ७ जना घाईते भएका छन् ।

मृत्यु हुनेमा ओखलढुंगा चिसंखुगढी गाउँपालिका-३ दियालेकी ३८ बर्षीया कुमारी श्रेष्ठ रहेकी छिन् । आइतवार बिहान ८ बजे ओखलढुंगातर्फ आउँदै गरेको प्रदेश १-०२-००१ ज ३८७५ नम्बरको बोलेरो अचानक सडकबाट २५ मिटर तल खसेर दुर्घटना भएको थियो । दुर्घटनामा परी श्रेष्ठको घटनास्थलमा नै मृत्यु भएको तथा घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालय ओखलढुंगाले जनाएको छ ।

# होटलमा मृत फेला परेकी महिलाको हत्यामा संलग्न पक्राउ



***झापा(प्रस)।*** सुनसरीको धरान उपमहानगरपालिका-१८ मा रहेको न्यू कान्तिपुर होटल एण्ड लजको १०९ नम्बर कोठामा यही फागुन १७ गते मृत फेला परेकी महिलाको पहिचान भएसंगै उनको हत्यामा संलग्न एकजनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा पाख्रिवास नगरपालिका-६ धनकुटाका २४ बर्षीय जीवन उपनामका बिनेश राना रहेका छन् । फागुन १७ गते बिहान ७ बजेको समयमा होटलको कोठामा एकजना महिला मृत रहेको भनी जानकारी पाएलगत्तै इलाका प्रहरी कार्यालय धरानबाट प्रहरी टोली खटिगई घटना सम्वन्धमा अनुसन्धान शुरु गरेको थियो ।

तत्काल पहिचान नखुलेकी महिला मृत अवस्थामा रहेको पाएसंगै पहिचान गर्ने क्रममा मिक्लाजुङ गाउँपालिका-१ पाँचथर घर भई हाल ईटहरी-५ मा बस्दै आएकी ३९ बर्षीया सुमित्रा तामाङ रहेको खुलेको थियो । यसरी मृतकको पहिचान खुलेसंगै उक्त घटनामा संलग्नको खोजतलास गर्ने क्रममा रानालाई फागुन २१ गते बेलुका धनकुटाको पाख्रिवास-११ बाट प्रहरीले पक्राउ गरेको हो । हत्याको आरोपमा पक्राउ परेका रानाको सम्बन्धमा इलाका प्रहरी कार्यालय धरानबाट थप अनुसन्धान भईरहेको छ ।

# बिर्तामोड ९ मा महिला हिंसाबिरुद्धको तालिम




***बिर्तामोड(प्रस) ।*** नारी दिवसको अवसरमा नारी संचार गृह झापाको आयोजना तथा बिर्तामोड नगरपालिका वडा नं ९ को सहयोगमा महिला हिंसाबिरुद्धको तीनदिने तालिम आइतबार सम्पन्न भएको छ ।

नारी सञ्चार गृह झापाका अध्यक्ष भीमा शिवाकोटीको अध्यक्षता तथा १ नं. प्रदेशसभा सदस्य एकराज कार्कीको प्रमुख आतिथ्यतामा सम्पन्न तालिम समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि कार्कीले समाजमा हुने विभिन्न खाले हिंसाको अन्त्यका लागि महिलाहरू सचेत हुन जरुरी रहेको बताए । वर्तमान अवस्थामा कानूनी बाध्यताले मात्रै महिला सहभागिता भइरहेको बताउँदै सांसद कार्कीले सशक्त सहभागिताका लागि क्षमता अभिबृद्धि गर्न सुझाव दिए । विकासका नाममा छुट्टिएको बजेटको ठूलो हिस्सा कागजी रुपमा मात्र विकास हुने गरेको उल्लेख गर्दै विकासमा हुने अनियमितता रोक्न पनि महिला सक्रियता जरुरी रहेको बताए । राजनीतिविना विकास असंभव भएपनि विकासमा राजनीति गर्न नहुने उनले बताए । साथै आउँदो स्थानीय चुनावमा ५० प्रतिशत महिलाहरुको सहभागिता हुनु पर्नेमा उनको जोड थियो । बिशिष्ट अतिथि बिर्तामोड वडा नं ९ की वडाध्यक्ष पवित्रा पाठकले तालिममा सिकेका कुरालाई व्यवहारमा उतार्न सहभागी महिलाहरुलाई सुभाव दिइन् । कार्यक्रममा नेपाल प्रेस युनियन झापा अध्यक्ष तथा नारी संचार गृह झापाकी सल्लाहकार ईन्दु पूर्वेलीलगायतले शुभकामना मन्तव्य राखेका थिए । कार्यक्रममा संस्थापक अध्यक्ष सावित्रा दाहाल, निवर्तमान अध्यक्ष अम्बिका भण्डारीलगायतको उपस्थिति रहेको थियो ।बिर्तामोड वडा नं ९ का विभिन्न टोल विकास समितिका ४५ जना महिलाहरुको सहभागिता रहेको तालिममा संस्थाका अध्यक्ष शिवाकोटी, नेपाल पत्रकार महासंघ झापाका उपाध्यक्ष केशव भट्टराई र नारी संचार गृहकी सल्लाहकार तथा रेडियो बिराटकी प्रबन्ध निर्देशक लिला अनमोलले सहजीकरण गरेका थिए । संस्थाका उपाध्यक्ष रेजिना गौतमले स्वागत गरेको कार्यक्रमको संचालन जोस्ना श्रेष्ठले गरेको सदस्य सुनिरा मैनालीले जानकारी दिइन् ।

# त्रिभुवन आर्मी फाइनलमा प्रवेश



***पथरीशनिश्चरे(प्रस)।*** मोरङको सुनवर्षी २ अमरदहमा जारी चौथो अन्तर ष्ट्रिय आमन्त्रण ढल्केजोवनगोल्डकपमा काठमाण्डौको त्रिभुवनआर्मी फुटबल क्लब फाइनलमा प्रवेश गरेको छ ।

आईतबार भएको अन्तिम सेमिफाइनल खेलमा पोखरा भेट्रान्स फुटबल क्लबविरूद्ध ४-० गोल गरी त्रिभुवन आर्मी विजयी भएको हो ।

चौथो ढल्केजोवन गोल्डकपकै पहिलो ह्याट्रिक गर्न सफल त्रिभुवन आर्मीका जर्सी नं २३ का टेकबहादुर बुढाथोकीले पहिलो हाफको ६ मिनेटमा गोल गर्दै आफ्नो टिमलाई अग्रता दिलाएका थिए भने आर्मीकै जर्सी नं १६ का विमल पाण्डेले १५ औं मिनेटमा अर्को गोल थप्दै आफ्नो टिमलाई २-० को अन्तरमा पुर्याए ।

खेलको दोस्रो हाफको २३ औं मिनेटमा पुनः त्रिभुवन आर्मीका जर्सी नं ६ का टंक बस्नेतले अर्को गोल थपेपछि आर्मीले ३-० को अग्रता लिएको थियो । पुनः ३० औं मिनेटमा पुनः त्रिभुवन आर्मीकै जर्सी नं २३ का बुढाथोकीले अर्को गोल थपेर आफ्नो टिमलाई ४- ० को फराकिलो अन्तरले सानदार जित दिलाएका हुन् ।

अधिकांश समय त्रिभुवन आर्मीलाई दवाव दिइरहेका पोखरा भेट्रान्स फुटबल क्लबका खेलाडीको थुप्रै प्रयास विफल भएको थियो ।

आइतवारको म्यान अफ दि म्याच त्रिभुवन आर्मीका डिफेन्डर जर्सी नं ५ का युद्ध शाही घोषित भए। उनलाई प्रदेश नं १ का सांसद लिलावल्लभ अधिकारीले नगद ५ हजारसहित मेडल र ट्रफीद्वारा पुरस्कृत गरे । सोही अवसरमा गोल्डकपमा पहिलो ह्याट्रिक गर्न सफल त्रिभुवन आर्मीका बुढाथोकीलाई १० हजार रूपैयाँ प्रोत्साहनस्वरुप प्रदान गरिएको थियो ।

मंगलवार हुने फाइनल खेलमा मानेभञ्ज्याङ भेट्रान दार्जिलिङ र त्रिभुवन आर्मी क्लबबीच उपाधि भिडन्त हुने आयोजकले जानकारी दिएको छ ।

भारत, नेपाल र भुटानका विभिन्न १२ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका विजेताले ५ लाख ११ हजार तथा उपविजेताले २ लाख ५१ हजार नगदसहित मेडल , ट्रफी प्राप्त गर्ने छ ।

# बिर्तामोडमा लागेको आगलागी नियन्त्रणमा



***बिर्तामोड (प्रस) ।*** बिर्तामोडको भद्रपुर रोडमा लागेको आगलागी नियन्त्रणमा आएको छ । भद्रपुर रोडस्थित न्यू नमस्ते फास्ट फूड एण्ड सेकुवा कर्नरको पछाडीपट्टि रहेको रामप्रसाद शाहको घरमा आगलागी भएको हो । शाहको घरमा भाडामा बस्ने ग्वालाको कोठाबाट ग्यास लिक भएर सो आगलागी भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका प्रमुख डिएसपी सन्तोस आचार्यले बताए । आगलागीबाट शाहाको ६ कोठा र टिनको छानो भएको पक्की घर क्षतिग्रस्त भएको छ भने घरभित्रका मालसामान जलेर नष्ट भएका छन् । दिउँसो १ बजे शुरु भएको आगलागी बिर्तामोड , भद्रपुर र मेचीनगर नगरपालिकाको दमकल , प्रहरी र स्थानीयको सहयोगमा दिउँसो पौने २ बजे नियन्त्रणमा आएको डिएसपी आचार्यले जानकारी दिए ।

## वडाध्यक्षको ...

नगर्न आदेश नआएसम्म काम गर्न पाउनु पर्ने बताउँदै पत्र प्राप्त हुनेबितिकै कार्यबाहक तोकेर छोड्नु पर्ने वडा सदस्य नुतन पौडेलले बताए ।

किर्ते नागरिकतामा जिल्ला अदालत झापाबाट कसुर ठहरिएका अध्यक्ष राजवंशीले नैतिकताको आधारमा जनताको काम कारवाही गर्न नमिल्ने भन्दै नेपाली कांग्रेस वडा नं ९ का वडा सभापति चेतनाथ भट्टराईको नेतृत्वमा शुक्रवार गएको एक टोलीले वडाध्यक्षको कार्यकक्षमा तालाबन्दी गरेको थियो ।

किर्ते नागरिकता काण्डमा ३ बर्ष अगाडीदेखि दोषी ठहरिएका राजवंशी केहि समय फरार रहेर अदालतमा धरौटी राखेर छुटेका थिए । अदालतको २०७८ मंसिर १३ गतेको फैसलामा उनलाई दोषी ठहर गरेको थियो।

## बिर्तामोडका...

लेडी जेसीजकी निवर्तमान अध्यक्ष स्वस्तिका आचार्यले टिप्पणी गरेकी थिइन् । नगरप्रमुख ध्रुवकुमार शिवाकोटीको प्रमुख आतिथ्य तथा उपप्रमुख पवित्रा महतारा प्रसाईको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत विनोदकुमार न्यौपाने,वडा नम्बर ४का वडाध्यक्ष कुलप्रसाद संग्रौला,एविसी नेपाल झापाकी अध्यक्ष कञ्चना सिटौला,महिला मुक्ति अभियानकी अध्यक्ष राधा सुव्वा,तिलरुपा श्रेष्ठलगायतले महिला हक अधिकार र वर्तमान अवस्थाको बारेमा बोलेका थिए ।

कार्यक्रममा वडा नम्बर ६ की वडा सदस्य पवित्रा ढुङ्गानाले स्वागत तथा नगरकी कर्मचारी गोमा पोखेलले सञ्चालन गरेका थिए ।

## बिर्तामोड नगरपालिका नगर कार्यपालिकाको कार्यालय १ नं. प्रदेशको

## १५ दिने सूचना

सधियार पश्चिमः ममता अग्रवाल, निलम अग्रवाल, संगिता साहेवाला उत्तरः मञ्जु पाण्डे को नाममा जारी गरिएको ।

साविक अनारमनी गाविस वडा नं. ३ हाल बिर्तामोड नगरपालिका, वडा नं. ५ बस्ने श्री टोगराज राईले निजका नाममा दर्ता कायम रहेको तपसिल बमोजिम जग्गामा भवन निर्माण, नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाईं सधियारको उपस्थिति नरहेकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ३१ को उपदफा (क) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। ऊक्त विवरणमा कुनै हकदावी भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र आफ्नो प्रमाण सहित यस कार्यालयमा निवेदन पेश गर्नुहोला । म्यादभित्र कुनै दावी विरोध नभए कानुन बमोजिम भइजाने व्यहोरा समेत सुचित गरिन्छ ।

| जग्गा रहेको स्थान | सिट नं. | कित्ता नं. | क्षेत्रफल | नक्सा दर्ता | सूचना प्रकाशित मिति | सर्जीमिन मिति |
|---|---|---|---|---|---|---|
| बिर्तामोड नपा-५ | १७९-००८० | ११४२ | २३७ | २०७८/१०/११ | २०७८/१०/११ | २०७८/११/०२ |

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PALcreation bhadrapur road, birtamode 023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर

राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

राम्रो छपाईको लागि हामिलाई सम्झनुहोस्
-किताब -क्यालेण्डर - बिल
भौचर - पोष्टर/पम्प्लेट
- पत्रपत्रिका
- स्कुलका कपि आदि...
पोखरेल अफसेट प्रेस
अतिथि सदन उत्तर ( शनि मन्दिर छेउ)
बिर्तामोड, झापा
मोः ९८१४९७४०३२, ९८१४०४१५१३

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## राशिफल



ज्योतिस पं. लक्ष्मी सुवेदी
लक्ष्मीपुर, झापा
चिना,टिप्पन,वास्तु तथा ग्रहदशा, ज्योतिस तथा परामर्श सेवाको लागि सम्झनुहोला ।
सम्पर्कः
९८१६९१७७८७/९८१७०८१९९०

**मेष** आफन्तको प्रगतिमा मन रमाउनेछ। आर्थिक क्षेत्रमा लाभ लिन सकिएला ।

**वृष** नयाँ कार्य वा रोजगारको अवसर मिल्नेछ। धार्मिक कार्यमा रुचि बढ्नेछ ।

**मिथुन** आफन्तसँग रमाइलो भेटघाट हुनेछ। कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**कर्कट** सोचेजस्तो लाभ हासिल गर्न समय लाग्नेछ । घरायसी व्यवहारबाट टाढै बस्नु होला।

**सिंह** चलाखीपूर्ण बलिको प्रभावले अँटेको काम हुनेछ। जोशजाँगर र हिम्मत बढ्नेछ ।

**कन्या** महिला वर्गबाट विशेष सहयोग मिल्नेछ। व्यापार व्यवसायमा प्रगति होला ।

**तुला** आज दानपुण्यका कार्यमा सहभागी भइनेछ । शुभकार्यको चर्चा पनि रहला ।

**वृश्चिक** आज लाभदायक यात्रा रहनेछ । मेहनतीहरूका लागि दिन फलदायी नै

**धनु** श्रमको उचित मूल्याङ्न हुनेछ। व्यापार व्यवसायमा सफलता मिल्नेछ ।

**मकर** अरूले सापटी लगेको रकम फिर्ता पाइनेछ । मानसम्मानसमेत प्राप्त हुनेछ ।

**कुम्भ** आज बन्धु बान्धवबाट सहयोग मिल्नेछ। राजनीतिक कार्यमा सफलता मिल्नेछ ।

**मिन** झुटा आरोपको समस्या खेप्नुपर्ला । साँझमा सहयोग मिल्ने र मन प्रसन्न